दर्ता नं. ११९९/०६६/०६७ ने.रा.बैंक/ई.प्रा./"घ"/१९/०६७/६८

# कालिका लघुवित्त वित्तीय संस्था लि.
# Kalika Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त लघुवित्त वित्तीय संस्था
केन्द्रीय कार्यालय, पोखरा महानगरपालिका वडा नं-१०, पोखरा, कास्की

प.सं.: 065/80
च.नं.: 1644

मिति :२०७९/१२/०५

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं

विषय : **साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द रहने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/१२/०५ गते अपराहन्न ६:१५ बजे बसेको सञ्चालक समितिको २२३ औं बैठकले यस वित्तीय संस्थाको १३ औं वार्षिक साधारण सभा मिति २०७९ चैत्र २९ गते ( तद्नुसार १२ अप्रिल २०२३) बुधवार बिहान ९:०० बजे पोखरा महानगरपालिका - १०, बुद्धचोक, कास्की स्थित होटल टास्क इन्टरनेशनल प्रा. लि. को सभाहलमा गर्ने निर्णय भएको साथै वार्षिक साधारण सभा तथा बोनस शेयर प्रयोजनका लागि मिति २०७९/१२/१६ गते देखि मिति २०७९/१२/२९ गते सम्म यस वित्तीय संस्थाको शेयर दर्ता किताब बन्द (Book Close) गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउँदै १३ औं बार्षिक साधारण सभा सम्बन्धी सार्वजनिक सुचनाको प्रतिलिपि यसै साथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

**संलग्न :**

बार्षिक साधारण सभा सम्बन्धी सार्वजनिक सुचनाको प्रतिलिपि ।

भवदीय,

(फणिन्द्र पाण्डे)
कम्पनी सचिव

**बोधार्थ :**

१.श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाण्डौ ।
२.श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार काठमाण्डौ ।
३.श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
४.श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।
५.श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक काठमाण्डौं ।
६.श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाण्डौं ।

**कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Kalika Laghubitta Bittiya Sanstha Limited**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
**केन्द्रीय कार्यालय** : पोखरा-१०, बुद्धचोक, कास्की
**फोन** : ०६१-४३४४१२, ४३४४१५, **ईमेल** : info@kalikabank.com.np

# तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/०६)

**श्री शेयरधनी महानुभावहरु,**

यस कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१२/०५ गते बसेको सञ्चालक समितिको २२३ औं बैठकको निर्णय अनुसार तेह्रौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०७९/१२/२९ गते (तदनुसार १२ अप्रिल २०२३) बुधवार ।
**समय** : बिहान ९:०० बजे ।
**स्थान** : होटल टास्क इन्टरनेशनल प्रा.लि. को सभाहल, पोखरा महानगरपालिका -१०, बुद्धचोक, कास्की ।

**छलफलको बिषयहरु :**

(क) **सामान्य प्रस्तावहरु** :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु. ३१,२८,७५,४११.३५ (अक्षरेपी एकतिस करोड अठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतिस पैसा मात्र) को १ प्रतिशतले हुन आउने रु.३१,२८,७५४.११ (अक्षरेपी एकतिस लाख अठाइस हजार सात सय चवन्न रुपैया एघार पैसा मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
५) संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।

ख) **विशेष प्रस्ताव** :

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु. ३१,२८,७५,४११।३५ (अक्षरेपी एकतिस करोड अठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतिस पैसा मात्र) को १९ प्रतिशतले हुन आउने रु.५,९४,४६,३२८।१६( पाँच करोड चोरानव्बे लाख छ्यालिस हजार तिन सय अठाइस रुपैया सोह पैसा मात्र) बराबरको ५९४४६३।२८ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
३) वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
४) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
५) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) **विविध**:

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी:

१) तेह्रौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/१२/१६ गते देखि मिति २०७९/१२/२९ गते सम्म यस वित्तीय संस्थाको शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ । मिति २०७९/१२/१५ गतेसम्म कारोबार भई प्रचलित कानूनले तोकेको समयावधी भित्रमा नामसारी भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंमा प्राप्त शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन तथा बोनस शेयरका लागि ग्राह्य हुनेछन् ।
२) साधारणसभामा भाग लिन आउँदा परिचय खुल्ने प्रमाणपत्र वा वित्तीय संस्थाले जारी गरेको प्रवेशपत्र अनिवार्य लिई आउनु पर्नेछ ।
३) शेयरधनीहरुको हाजिरीको लागि सभा स्थलमा बिहान ८:०० बजेबाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ ।
४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै प्रोक्सी फाराम वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुद्धचोक, पोखरा, कास्कीमा दर्ता गराई सक्नु पर्नेछ । शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन वा शेयर बिभाजन गरिदिन पाइने छैन । एक जना शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी नियुक्ति गर्ने आफै उपस्थित हुन चाहेमा २४ घण्टा अगावै आफै उपस्थित भई लिखित सूचना दिनु पर्नेछ ।
५) नाबालकको हकमा संरक्षकले मात्र सभामा भाग लिन, प्रतिनिधि तोक्न र मतदान गर्न पाउनेछ । शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्ति मात्र संरक्षक मानिनेछ ।
६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउनेछ ।
७) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेका विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । सो जानकारी नदिएको विषय उपर प्रश्न गर्न पाइने छैन ।
८) साधारण सभा सम्बन्धमा केहि थप जानकारी आबश्यक परेमा वा वार्षिक प्रतिबेदन प्राप्त नभएमा कार्यालय समय भित्र कार्यालयको फोन नं. : ०६१-४३४४१२/१५ मा सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिनुहुन अनुरोध छ ।